# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल


प.सः २०८१।०८२ (शैक्षिक प्रशासन)
च.नः 6838

Email: bmceducationsection@gmail.com

मितिः-२०८२।०३।२६
ने.सं. ११४५ दिल्लाथ्व पुन्हि

विषयः- रिक्त पदमा स्थायी शिक्षक सरूवा सम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ,

चितवन जिल्ला भरतपुर महानगरपालिका अन्तर्गत श्री प्रेमबस्ती माध्यमिक विद्यालय भरतपुर-७ मा रिक्त रहेको माध्यमिक तह नेपाली विषयको शिक्षक पदमा सरूवाको प्रक्रिया अगाडि बढाइ दिनुहुन भनी विद्यालयको च.नं. ४६२ मिति २०८२/०३/२२ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरूवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः
१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना prembastischool16@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदनमाथि कुनै कारवाही हुने छैन।

सुवासचन्द्र आचार्य
उपसचिव

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, चितवन ।
श्री प्रेमबस्ती माध्यमिक विद्यालय, भरतपुर-७ चितवन।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिका- वेवसाइटमा सूचना अपलोड गरिदिनुहुन।